## ऋणको जानकारी सम्बन्धि संक्षिप्त प्रश्नोत्तर

- कुन शाखाबाट ऋण पाइन्छ?
  कृषि विकास बैंकका सम्पूर्ण शाखाहरूबाट।
- ब्याजदर र समय कति हुन्छ?
  ब्याजदर: स्थिर पुँजी र स्थिर चालु पुँजी ऋणमा ७% (अपरिवर्तनीय)।
  समय: स्थिर पुँजी ऋण अधिकतम १० वर्ष। चालु पुँजी ऋण वार्षिक नवीकरण हुने।
- ऋणको सीमा कति छ?
  स्थिर प्रकृतिको ऋण: १५ करोड २० लाख (प्रति ग्राहक)। नवप्रवर्तन तथा विशेष प्रकृतिको उद्यमको ऋण प्रस्ताव १५ करोड २० लाख भन्दा माथि पनि गर्न सकिनेछ।
  चालु पुँजी ऋण: परियोजनाको आवश्यकता अनुसार।
- धितो वा कागजातमा छुट छ?
  छैन। बैंकको विद्यमान नियम अनुसार नै धितो र कागजात आवश्यक पर्छ।
- अन्य संस्था संलग्न छन्?
  छन्। यो वन तथा वातावरण मन्त्रालय (रेड कार्यान्वयन केन्द्र) अन्तर्गतको परियोजना हो भने कृषि विकास बैंकले ऋण परिचालनको कार्य गर्दछ।
- केही थप प्रावधान छन्?
  वातावरणीय र सामाजिक प्रभाव विश्लेषण अनिवार्य गर्नुपर्छ (यसमा परियोजनले सहयोग गर्नेछ)।
- वातावरणीय र सामाजिक प्रभाव विश्लेषणको समन्वय कसले गर्छ?
  सम्बन्धित कृषि विकास बैंकको शाखाले रेड कार्यान्वयन केन्द्र तथा परियोजना व्यवस्थापन एकाई, प्रदेश परियोजना व्यवस्थापन एकाई (मधेश तथा लुम्बिनी प्रदेश) सँग समन्वय गर्छ।



Photo Credit: Pashupati Nath Koirala

यो अवसर नगुमाउनुहोस्!

**अहिले नै ऋणको लागि आवेदन दिनुहोस्!**

**टोल फ्री नं:**
**कृषि विकास बैंक :१६६०-१-११११०**
**रेड कार्यान्वयन केन्द्र: १८१०-५-०००३४६**

### सम्पर्क ठेगाना


०१-५७२११०७
agriloan.div@adbl.gov.np
www.adbl.gov.np

०१-५३३९१२६
info@redd.gov.np
www.redd.gov.np




Photo Credit: Pashupati Nath Koirala

# समृद्धिका लागि वन
## हरित उद्यमको लागि ऋण प्रवाह मार्फत आर्थिक सबलीकरण


नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र,
बबरमहल, काठमाडौँ

Agricultural Development Bank Limited
कृषि विकास बैंक लिमिटेड
तपाई हाम्रो घरआँगनको बैंक




## परियोजनाको परिचय

वन लगानी कार्यक्रम अन्तर्गत सञ्चालित ‘समृद्धिका लागि वन परियोजना’ नेपाल सरकारको १५औं योजनामा समावेश एक रुपान्तरणकारी आयोजना हो। वन क्षेत्रमार्फत मुलुकको समृद्धिमा योगदान पुर्‍याउने लक्ष्य सहित यो परियोजना लुम्बिनी र मधेश प्रदेशका ५० स्थानीयतहहरुमा कार्यान्वयन भइरहेको छ। २०७८ साउनदेखि २०८३ असार मसान्तसम्म सञ्चालन हुने यस परियोजनाले मुख्यतया दिगो वन व्यवस्थापन, सार्वजनिक जग्गामा वृक्षरोपण तथा निजी वन कृषकहरूलाई वृक्षरोपणमा सहयोग पुर्‍याउँदै आएको छ।

## परियोजनाका उद्देश्यहरु

- छोटो र मध्यम अवधिका प्रतिफलहरुले वनको समग्र उत्पादकत्व वृद्धि गर्ने |
- वनमा आधारित “साना तथा मझौला” उद्यमहरुको विकास तथा सुधारमा योगदान गर्ने |
- तराई भू–परिधि क्षेत्र भित्र उत्सर्जन न्यूनीकरण कार्यक्रमले लक्ष्य राखेको उत्सर्जन न्यूनीकरण गर्न योगदान गर्ने |

## परियोजनाका संभागहरु

**संभाग १**: दिगो वन व्यवस्थापन लागि नयाँ सरकारी संरचना र प्रक्रियाहरुको लागि नीति र क्षमता विकास

**संभाग २:** समुदायमा आधारित दिगो वन व्यवस्थापन तथा साना किसानका लागि वृक्षरोपण

**संभाग ३:** वन उद्यमहरुको सुधार तथा विकास

**संभाग ४:** परियोजनाको सुशासन, अनुगमन तथा सिकाई

## संभाग ३
## वन उद्यम सुधार तथा विकास


यस संभाग को कार्यान्वयन गर्नको लागि क्षमता विकासको साथसाथै वन जन्य उद्यमहरुको सुधार तथा विकासलाई ऋण प्रवाह कार्यक्रम रहेको छ |

**कार्यान्वयन क्षेत्र:** ७ प्रदेश


**क्षमता विकास:** रेड कार्यन्वयन केन्द्र (परियोजना व्यवस्थापन एकाई), प्रदेश परियोजना व्यवस्थापन एकाई

**ऋण प्रवाहमा सहयोग:** कृषि विकास बैंक

## यो ऋण नै किन !





**ब्याज दर:** स्थिर ७% प्रति वर्ष (निश्चित/परिवर्तन नहुने)।

**अवधि:** लामो अवधिको भुक्तानी अवधि १० वर्ष।

**उपलब्धता:** नेपालका सबै ७ प्रदेशहरूमा उपलब्ध।

**उद्देश्य:** आधुनिकीकरण, प्रविधि विकास, र दिगो व्यवसाय विस्तार।

## ऋणहरू आकारका आधारमा वर्गीकरण

| लघु ऋण | साना ऋण | मझौला ऋण |
|---|---|---|
| रु. २६ लाख सम्म | रु. २६ लाख देखि २ करोड ६० लाख सम्म | २ करोड ६० लाख देखि १५ करोड २० लाख सम्म |

**नवप्रवर्तन तथा विशेष प्रकृतिको उद्यमको ऋण प्रस्ताव १५ करोड २० लाख भन्दा माथि पनि गर्न सकिनेछ |**

## कस्ता ग्राहकहरु यस ऋणका लागि योग्य हुनेछन् ?

**क. काष्ठ आधारित उद्योगहरू**

१. स-मिल / चिरान मिल
२. काठ प्रशोधन तथा परिमार्जन
३. काठको घनत्व वृद्धि तथा बोर्ड उत्पादन
४. पल्प र कागज उद्योगहरु आदि ।

**ख. गैर–काष्ठ आधारित उत्पादन/उद्योगहरू**

५. औषधीय तथा जडीबुटी उद्योगहरू
६. सुगन्धित तेल उद्योगहरू
७. बायोमास आधारित उद्योगहरू
८. प्याकेजिङ र अन्य काष्ठ उत्पादनहरू
९. कत्था उद्योगहरु आदि |

**ग. फर्निचर र काष्ठकला**

९. काठ / फर्निचर निर्माण
१०. काठ कुँद्ने र हस्तकला
११. उच्च गुणस्तर भएका फर्निचर
१२. विशिष्ट फर्निचर र औजारहरू आदि |

**घ. वन / बागवानीमा आधारित खेती / उद्योगहरू**

१३. संरक्षित बागवानी / फार्म / वातावरण-मैत्री फार्म
१४. बागवानी, बागवानीजन्य उत्पादनहरूमा मूल्य अभिवृद्धि
१५. शीत भण्डार / कोल्ड स्टोर (सौर्य ऊर्जाबाट चल्नेलाई प्राथमिकता)
१६. नर्सरी / हाई-टेक (उच्च प्रविधियुक्त) नर्सरी
१७. व्यावसायिक वृक्षरोपण / रुख र बाँस खेती / कृषि-वन खेती र उत्पादन
१८. सिँचाइ सुविधा विकास / थोपा सिँचाइ / फोहरा सिँचाइ / पानी भण्डारण
१९. विद्यमान वन-आधारित सञ्चालन / व्यवस्थापन / कटान / घाटगद्दी (डिपो) / घाटगद्दी व्यवस्थापनको मर्मत सम्भार आदि |

**ङ. इको-उत्पादन / वातावरण-मैत्री आतिथ्य, पर्यटन र अन्य उद्योगहरू**

२०. प्रकृतिमा आधारित पर्यटन, इको-भिलेज (पर्यावरण गाउँ), होमस्टे (घरबास) विकास, वातावरण-मैत्री इको-होटलहरू / फार्ममा आधारित आतिथ्यजन्य व्यवसाय
२१. ब्वाइलर / मेशिनरीहरूलाई स्वच्छ वैकल्पिक ऊर्जाले प्रतिस्थापन
२२. मौरी पालन आदि |

**च . अन्य वनजन्य सान्दर्भिक उद्योगहरू**